नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-५६७ दायर मितिः-२०८१/०२/१६**

**फैसला मितिः-२०८१/०३/०३**

**वादी**

**सपना गिरीको जाहेरीले**

**नेपाल सरकार..........................१**

**प्रतिवादी**

**जिल्ला पर्सा बीरग्ज महानगरपालिका वडा नं. ११ बस्ने विशनाथ राउत मेस्तरको नाती,राजेश राउत मेस्तरको छोरा अं. वर्ष १९ को रमेश राउत मेस्तर................१**

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**<u>तथ्य-खण्ड</u>**

१. प्रतिवादीले गाली गलौज गर्दै अभद्र व्यवहर गरेको भन्ने जाहेरी दरखास्त।
२. प्रतिवादीले जाहेरवालीलाई गाली गलौज गर्दै अभद्र व्यवहर गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले जाहेरवालीलाई गाली गलौज गर्दै अभद्र व्यवहर गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. जाहेरवालीलाई गाली गलौज गर्दै अभद्र व्यवाहर गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका धिरज कुमार सिंह समेतको घटनाविवरण कागज।
५. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको आशिंक ईन्कारी बयान ।
६. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
७. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**<u>ठहर-खण्ड</u>**

यसमा मिति २०८१।०१।२४ गते राती अं. २३ः३० बजेको समयमा जिल्ला पर्सा बीरगंज महानगरपालिका वडा नं. 15 स्थित रहेको लक्ष्मी पाराडाईज पार्टी प्यालेसमा वेटरको रूपमा काम गर्दै आईरहेकोमा वारदात मिति र समयमा प्रतिवादी रमेश राउत मेस्तरले मैले राखेको मोबाईल झ्यालबाट लिई जाने क्रममा निज प्रतिवादीसँग सोधपुछ गर्दा प्रतिवादी रमेश राउत मेस्तरले मलाई अश्लिल गाली गलौज गरी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको अंशिक साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी रमेश राउत मेस्तरलाई कैद दिन १ महिना ८ दिन ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**<u>तपसिल खण्ड</u>**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी रमेश राउत मेस्तरलाई ठहरेको कैद दिन १ महिना ८ दिन को हकमा निज मिति २०८१/०१/२७ देखि २०८१/०३/०२ सम्म हिरासत र थुनामा बसी कैद भुक्तान गरिसकेको हुँदा थुना मुक्त गर्न कारागार कार्यालय, पर्सालाई पत्र लेखु ------------------------------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ असार महिना ३ गते सोमवार रोज २/ ने.सं. ११४४ तछलाथ्व एकादशी, शुभम् ........